नेपाल लोकसेवा आयोगको विज्ञापन नं २७

देखि ३४

शिक्षा स्वास्थ्य तथा स्थानीय स्वायत शासन मन्त्रालय, खाद्य कृषि तथा वन मन्त्रालय औ निर्माण तथा सञ्चारमन्त्रालय अन्तर्गत र संसद सचिवालयलाई समेत निम्नलिखित स्थानहरूलाई निम्नलिखित पदहरू चाहिएका छन् । योग्य उम्मेदवारहरूले प. स. क. दरखास्त फाराम नं. १ (२०१०) मा आफ्नो विवरण स्पष्ट भरी निम्नलिखित फी दस्तूर सहित निम्नलिखित मितिसम्ममा यस आयोगमा आइपुग्ने गरी दरखास्त पठाउन वा सो मितिसम्ममा आयोगमा आइपुग्ने गरी दरखास्त पठाउन वा सो मिति सम्ममा आयोगमा बुझाउन पर्छ । योग्यता पुगेका इच्छुक उम्मेदवारहरूले दरखास्त पेश गरी निम्नलिखित पदहरूमा निम्नलिखित मितिमा यस आयोगसंग सम्पर्क राख्नुपर्छ । दरखास्तको म्यादको आखिरी दिनमा धेरै दरखास्त दिनेहरू जम्मा भई सबैलाई असुबिधा हुने हुँदा समयमानै दरखास्त पठाउन सूचना गरिन्छ । साधारणतया उम्मेदवारलाई तोकिएको न्यूनतम योग्यता पुगेको नदेखिएको, रीत नपुगेको, फी दस्तूर नभएको र म्याद नाघि दाखिल भएको दरखास्त उपर कुनै विचार हुने छैन । दरखास्त फारामको नमूना प्रत्येक हुलाक, गढी, गौंडा र गोस्वाराहरूमा पनि पाइनेछ । एक फारामको निमित्त ने. रु. ।१० पैसा मोल तिरी सोझै यस आयोगबाट चाहिए जति फाराम झिकाए पनि हुन्छ । दरखास्त फाराम झिकाउँदा चाहिने टिकट खर्च पनि साथै पठाउनु पर्छ ।

विज्ञापन नं. २७

१. स्थान र पद:- त्रि-चन्द्र कलेजलाई, म्याथम्याटिक्स लेक्चरर, १, ग्याजेटेड स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यता:- म्याथम्याटिक्समा एम्. ए. ।

३. वाञ्छनीय योग्यता:- पहिला वा दोस्रा श्रेणीमा पास भएकालाई प्राथमिकता दिइनेछ ।

४. मासिक तलवको स्केल र भत्ता:- तलव ने. रु. १८०। देखि ५००। महगी भत्ता ने. रु. २०।

५. दरखास्त आयोगमा आई पुग्नुपर्ने मिति २०१६।४।२६।२

६. सम्पर्क मिति:- २०१६।५।४।५

७. दरखास्त फी दस्तूर ने. रु. ३।

302

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विज्ञापन नं २८

१. स्थान र पद:- सिंहदरबार वैद्यखाना तयारी फाँटलाई वद्य १ स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यता:- सरकार स्वीकृत कुनै आयुर्वेदीय विद्यालयमा पढी आयुर्वेद मध्यमा वा सो सरहसम्मको पास

३. वाञ्छनीय योग्यता:- शास्त्री आचार्य वा सो सरह र सरकारी छात्रवृत्तिबाट पढी पास भएकालाई प्राह्यता दिइनेछ ।

४. मासिक तलबको स्केल र भत्ता:- तलब ने. रु. ३५ देखि ६० महँगी भत्ता ने. रु. १०।

५. दरखास्त आयोगमा आइपुग्नुपर्ने मिति:- २०१६।४।१८।१

६. सम्पक मिति:- २०१६।४।२३।६

७. दरखास्त फी दस्तूर नगद ने. रु. १।

विज्ञापन नं. २९

१. स्थान र पद:- प. ३ नं. विन्धवासिनी आधार स्कूललाई मिडिल शिक्षक १ स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यता:- इण्टरमीडिएट पास।

३. वाञ्छनीय योग्यता:- अध्यापनमा अनुभव भएकालाई प्राह्यता दिइनेछ ।

४. मासिक तलबको स्केल र भत्ता:- तलब ने. रु. ७०। देखि १३०। महँगी भत्ता ने. रु. १२।५०

५. दरखास्त आयोगमा आइपुग्नुपर्ने मिति:-२०१६।४।२६।२

६. सम्पर्क मिति २०१६।५।४।५

७. दरखास्त फी दस्तूर नगद ने. रु. १।

विज्ञापन नं. ३०

१. स्थान र पद:- भेटेरीनरी अस्पताल काठमाडौंलाई तथा सबै ठाउँ ठाउँ जिल्लामा गई कामगर्ने घुमुवा भेटेरीनरी कम्पाउण्डर २ स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यता:- भेटेरीनरी कम्पाउण्डर पास।

३ वाञ्छनीय योग्यता:- भेटेरीनरीमा अनुभव भएकालाई प्राह्यता दिइनेछ।

४. मासिक तलबको स्केल र भत्ता:- तलब ने. रु. ४५। देखि ८०। महँगी भत्ता ने. रु. १०।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. अभ्यास अवधिः- ६ महीना ।
६. दरखास्त आयोगमा आई पुग्नुपर्ने मितिः-२०१६।४।२६।२
७. सम्पक मिति २०१६।५।४।५
८. दरखास्त फी दस्तूर नगद ने रु. १।

विज्ञापन नं. ३१

१. स्थान र पदको संख्या- संसद सचिवालयलाई मार्शल २ ग्याजेटेड तथा स्थायी ।
२. आवश्यक न्यूनतम योग्यता- सेनामा कमसेकम मेजरसम्म अथवा पुलिस फोर्समा कमसेकम एस. पी. सम्म भई काम गरी रिटायर भएका।
३. वाञ्छनीय योग्यता- आइ. ए. वा सो सरहका पास भएकालाई ग्राह्यता दिइनेछ ।
४. मासिक तलब र भत्ता- पेन्सन समेत गरी तलब ने. रु. २००। भत्ता ने. रू. ७५।
५. अभ्यास अवधि- ६ महीना।
६. उम्मेदवारहरूले गर्नुपर्ने कामको किसिम- सभामा अनुशासन र व्यवस्था राख्नाका निमित्त सभा मुखले समय समयमा दिएको आदेशको पालन गर्ने। सभा भवन सम्बन्धी सामान्य प्रबन्ध मिलाउने । सभा भवनमा बाहिरिया व्यक्तिहरू प्रवेश नियमित गर्ने ।
७. दरखास्त आयोगमा आई पुग्नुपर्ने मिति- २०१६।४।२६।२
८. सम्पर्क मिति- २०१६।५।१।२
९. दरखास्त फी दस्तूर नगद ने. रु. ३

विज्ञापन नं. ३२

१. स्थान र पद- संसद सचिवालय पुस्तकालयलाई लाइब्रेरियन १। नन्गजेटेड स्थायी तथा पेन्सन पाइने ।
२. आवश्यक न्यूनतम योग्यता- आइ. ए. ।
३. वाञ्छनीय योग्यता- लाइब्रेरी साइन्समा डिप्लोमा प्राप्त गरेकालाई ग्राह्यता दिइनेछ ।

306

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. मासिक तलबको रकेल र भत्ता– तलब ने. रु. १४०। देखि २८०। महँगी भत्ता ने. रु. २०।

५. अभ्यास अवधि- १ वर्ष ।

६. दरखास्त आयोगमा आई पुग्नुपर्ने मिति-२०१६।४।२६।२

७. सम्पर्क मिति- २०१६।५।५।६

८. दरखास्त फी दस्तूर नगद ने. रू. १।५०

आज्ञाले—
खड्गमान मल्ल
सेक्रेटरी-लोकसेवा आयोग
सिंहदरवार काठमाडौं नेपाल.

गोरखापत्र छापाखानामा मुद्रित.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

३७५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हु